महिला तथा बाल अधिकारको सुनिश्चितता हाम्रो प्रतिबद्धता

# हाम्रो आवाज

मासिक बुलेटिन

बर्ष :- १८ | अङ्क :- १५ | महिना :- जेठ-असार, २०७५

## हिंसामा महिला र बालबालिका : जेठ- असार २०७५

राजधानीबाट प्रकाशित दैनिक अखबार गोरखापत्र दैनिक, कान्तिपुर दैनिक, अन्नपूर्ण दैनिक र नयाँ पत्रिका दैनिकमा प्रकाशित हिंसामा महिला र बालबालिकासँग सम्बन्धीत समाचारको अनुगमन गर्दा २०७५ जेठ-असार महिनामा मुलुकभर १८ वटा समाचार प्रकाशित भएको छ । प्रकाशित समाचार अनुसार दुई महिनाको अवधिमा २२ महिला र बालबालिका हिंसाबाट पीडित भएका छन् । प्रकाशित समाचार अनुसार पीडित महिला र बालबालिकाको अवस्था बराबर रहेको छ ।

इलाम नगरपालिकाको गोलाखर्कका ३९ बर्षीया मदन लिम्बुले श्रीमतीको हत्या गरेका छन् । खुकुरी प्रहार गरी हत्या गरेको समाचारमा उल्लेख छ। लिम्बुलाई प्रहरीले पक्राउ गरेको छ । *(नयाँपत्रिका, जेठ १३)*

जाजरकोटमा अबैध यौन सम्बन्धबाट जन्मेको शिशु हत्या गरेको अभियोगमा एक किशोरीलाई जन्मकैदको सजाय गरिएको छ। १९ बर्षिया किशोरी सविता पुनलाई जिल्ला अदालत जाजरकोटले यस्तो सजाय गरेको हो। *(अन्नपूर्ण पोष्ट, असार १८)*

धनुषा जिल्लाको मुखियाट्टी मुसरनिया गाउँपालिका लवटोलीमा दुई महिलालाई बोक्सीको आरोपमा कुटपिटगरी घाइते बनाइएको छ। *(गोरखापत्र, असार ३२)*



**हिंसामा महिला**




ब्रोडसिट दैनिकहरुका अनुसार यस महिनामा २ महिलाको हत्या भएको छ, भने १ महिलाको हत्या प्रयास भएको पाइएको छ । श्रीमानले हत्या प्रयास गर्दा गर्भमा नवजात शिशुको मृत्यु भएको समाचारमा उल्लेख छ । बोक्सी आरोपमा ३ जना महिला कुटपिटबाट पीडित भएका छन् । त्यसैगरी ३ जना महिला कुटपिटबाट घाइते भएका छन् । कुटपिटबाट घाइते भएका मध्ये १ जना महिला सस्तोमा जग्गा नदिएको भन्दै कुटपिट गरिएको हो भने २ जना आमाछोरी पानी छोएको निहुँमा कुटपिट गरेको समाचारमा उल्लेख छ । १ महिला बलात्कारको शिकार भएकी छिन् भने १ महिलाले आत्महत्याको प्रयास गरेको समाचारमा उल्लेख छ ।

**हिंसामा बालबालिका**

दुई महिनाको अवधिमा ११ बालबालिका हिंसामा परेका छन् । हिंसामा परेका बालबालिका मध्ये १० बालिकाको संख्या रहेका छने भने १ बालक रहेका छन् । त्यस मध्ये ९ बालबालिको हत्या भएको छ । हत्या भएको मध्ये १ नवजात शिशुको बाबुले आमाको हत्या प्रयास गर्दा गर्भमा नै हत्या भएको हो । त्यसैगरी २ बालिका बलात्कारको शिकार भएका छन् ।




## क्षेत्रगत आधारमा :

तीन महिनाको अवधिमा हिंसामा महिला तथा बालबालिकासँग सम्बन्धित घटनालाई प्रादेशीक आधारमा हेर्दा प्रदेश नं. प्रदेश नं. (१) ३, प्रदेश नं. (२) ५, प्रदेश नं. (३) ४, र प्रदेश नं. (४) ३, र प्रदेश नं. (५) २ गरी जम्मा १८ वटा समाचार प्रकाशित भएका छन् ।

थप जानकारीका लागि
**मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन )**
ज्वागल कुपण्डोल ललितपुर
फोन नं. ०१-५०११२०४, ५५४४२०५ मा सम्पर्क गर्न अनुरोध छ ।